आज मिति २०७२ पुष २२ गते बुधबार दिनको ३:०० बजे नि. अधिकृत श्री कमला घिमिरेज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत कमला घिमिरे अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**निर्णयहरु :**

१. नेपाल सरकार, मन्त्री परिषद आर्थिक तथा पूर्वाधार समितिको मिति २०७२।६।१३ को निर्णय अनुसार स्वीकृत बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ का प्रावधानहरु समायोजन गरी भक्तपुर नगरपालिकामा हाल लागू भैरहेको भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० मा तेश्रो संशोधनका लागि भक्तपुर न.पा.को मिति मिति २०७२।७।३० को विशेष परिषदबाट गठित कार्य दलले पेश गरेको प्रतिवेदन र संशोधन प्रस्ताव सम्बन्धमा छलफल भयो ।

बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्द २०७२ को बुंदा १७ को (क) मा स्थानीय निकायहरुले आ–आफ्नो छुट्टै मापदण्ड तर्जुमा गरी लागू गर्न सक्ने भन्ने प्रावधान समेत भएको र उक्त आधारभूत निर्माण मापदण्ड २०७२ मा प्राचिन, पुरातात्विक, ऐतिहासिक घना बस्तीका रुपमा रहेका भक्तपुर र भक्तपुर जस्तै अन्य प्राचिन पुरातात्विक, ऐतिहासिक शहरका घनाबस्तीहरुमा विद्यमान स–साना कित्ताका घडेरीहरु एवं सम्बद्ध भवनहरुका सम्बन्धमा विशेष व्यवस्था नभएको कारण अधिकत्तम ग्राउण्ड कभरेज र टांसिएर घर बनाउने पम्परागत नेवारी शैली, सांस्कृतिक र पर्यटकीय आकर्षणमा समेत असर पर्ने व्यापक जनताहरुबाट सुझाव समेत प्राप्त भएको र प्रस्तावित समायोजन संशोधनले प्राचिन ऐतिहासिक, विश्व सम्पदा र पुरानो नगर क्षेत्रका बस्तीहरुमा हुने निर्माणमा परम्परागत शैलीलाई जोगाई मौलिक शैली कायम हुने, पर्यटन प्रवर्द्धनमा समेत योगदान हुने, विस्तारित तथा नयां बस्तीहरुमा आधारभूत मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिताका प्रावधानहरुलाई हुबहु लागू गरी अधिकत्तम निर्माण सुरक्षा हुने एवं घना बस्तीको रुपमा विकास हुंदै आएको ऐतिहासिक भक्तपुर नगर क्षेत्रका बहुसंख्यक जनताहरु लाभान्वित हुने हुंदा कार्यदलद्वारा प्रस्तुत प्रतिवेदन बमोजिम भक्तपुर नगर क्षेत्रमा निर्माण मापदण्ड लागू गर्ने निर्णय गरियो र सो मापदण्डलाई भ.न.पा.को आगामी २९ औं नगर परिषदबाट अनुमोदन गरी सोको जानकारी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र शहरी विकास मन्त्रालयमा अनुरोधसाथ गराउने निर्णय गरियो ।

२. गत वैशाख १२, १३ र २९ गते गएको विनासकारी भूकम्पबाट घर, भवन आदि पूर्ण क्षति भई पुनः निर्माणका लागि नक्सा पेश गर्ने क वर्गका भूकम्प पीडित नगरवासीहरुलाई नक्सा पास दस्तुरमा देहाए बमोजिम छुट दिने निर्णय गरियो :

क. भूकम्पबाट क्षति गरेको साविक कित्ता जग्गामा नै माटो जोडाईमा परम्परागत शैलीको भूकम्प प्रतिरोधी घर भवन निर्माण गर्न नक्सा पेश गरेमा १०० प्रतिशत नक्सा दस्तुर छुट दिने निर्णय गरियो ।

ख. भूकम्पबाट क्षति गरेको साविक कित्ता जग्गामा नै फ्रेम स्ट्रक्चरमा सिमेन्ट जोडाईमा मोहडा परम्परागत शैलीको देखिने गरी भूकम्प प्रतिरोधी घर भवन निर्माण गर्न नक्सा पेश गरेमा ७५ प्रतिशत नक्सा दस्तुर छुट दिने निर्णय गरियो ।

३. गत वैशाख १२, १३ र २९ गते गएको विनासकारी भूकम्पबाट घर, भवन आदि आंशिक क्षति भई पुनः निर्माणका लागि नक्सा पेश गर्ने ख वर्गका भूकम्प पीडित नगरवासीहरुलाई नक्सा पास दस्तुरमा ५० प्रतिशत छुट दिने निर्णय गरियो ।